## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

हेलम्बु गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०  संख्याः २  मितिः २०८३/०३/२५

**भाग-१**

**हेलम्बु गाउँपालिका**

**बागमती प्रदेश, हेलम्बु**

**गाउँसभाबाट पारित मितिः २०८३/०३/१०**

**प्रमाणिकरण मितिः २०८३/०३/२५**

# हेलम्बु गाउँपालिकाको विनियोजन ऐन, २०८३

**प्रस्तावनाः**

नेपालको संविधानको धारा २२१ तथा धारा २२६ मा रहेको स्थानीय सरकारको व्यवस्थापकीय तथा कानुन बनाउन पाउने अधिकारको आधारमा हेलम्बु गाउँपालिकाको गाउँसभाले यो ऐन निर्माण गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम हेलम्बु गाउँपालिकाको विनियोजन ऐन, २०८३ रहेको छ ।

(२) यो ऐन २०८३ श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८३/८४ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकारः**

१) आर्थिक वर्ष २०८३/८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ६१,७४,६५,०००/- (अक्षरुपी एकसठ्ठी करोड चौहत्तर लाख पैसठ्ठी हजार रुपैयाँ मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त हेलम्बु गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति, र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनीयोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्नु परेमा गाउँ सभाबाट अनुमोदन गर्नु पर्नेछ ।

४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका योजनाहरु र गाउँपालिका भित्रका सशर्त कार्यक्रमहरु कुनै पनि उपभोक्ताले पौष मसान्त भित्र सम्झौता नगरेको खण्डमा उक्त आयोजना गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी अन्य आयोजनामा रकमान्तर गरी खर्च गर्न सकिने छ ।

५) यस ऐन बमोजिम विनियोजन गरिएको रकम मध्ये शिक्षा, स्वास्थ्य, पशु सेवा र कृषि विकास क्षेत्रमा विनियोजित रकमलाई विषयगत शाखाबाट विस्तृत कार्यक्रम माग भएमा औचित्यका आधारमा गाउँ कार्यपालिकाको स्वीकृतीपश्चात खर्च गर्न सकिने छ ।

**अनुसूची–१**

**(दफा २ सँग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**
**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| | | संघीय | | | | | प्रदेश | | | | | आन्तरिक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं | शिर्षकको नाम | समानीकरण | राजश्व बाँडफाँड | समपुरक | सशर्त | विशेष अनुदान | समानीकरण | सशर्त | राजश्व बाँडफाँड | विशेष अनुदान | सममुरक | | |
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| १ | गाउँ कार्यपालिका | ११३२००००० | ११७०००००० | ७०००००० | २०२९००००००० | १०००००००० | १००२१००० | ८९२९९९९ | ३९४७१३५५ | ७०००००० | २४०००००० | ७२९४३६४५ | ६१,७४,६५,००० |

**<u>आज्ञाले,</u>**
बेनि बहादुर मोक्तान
प्रमुख प्रशासकीय अधिकृत